# तुर्माखाँद गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल ।

प.सं.:०७८/०७९
च.नं.:

मिति : २०७९।०२।१९

बिषय:निर्णय सार्वजनिक गरिएको सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस तुर्माखाँद गाउँपालिकाको मिति २०७९।०२।१९गते वसेको नवनिर्वाचित जनप्रतिनिधिको पहिलो कार्यपालिकाको बैठकले गरेका निर्णयहरु सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक गरिएको छ।

१ स्थानिय तह निर्वाचन २०७९ मा निर्वाचित कार्यपालिका सदस्यहरुलाई गाउँपालिका अध्यक्ष बाट देश र राष्ट्रको नाममा शपथ ग्रहण गराउने कार्य सु सम्पन्न गरियो ।

२ स्थानिय तह निर्वाचन २०७९ लाई सफल पार्न खटिएका निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय तथा कर्मचारी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, प्रत्रकार, सम्पुर्ण राजनैतिक दल लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा खटिने आम नागरिकहरु सवैलाई गाउँपालिकाको तर्फबाट हार्दिक धन्यबाद ज्ञापन गरियो ।

३ यस तुर्माखाँद गाउँपालिका भित्र संचालन भईरहेका सबै विद्यालयहरुमा कक्षा १ देखि १० सम्म अध्ययन गरिरहेका सम्पुर्ण छात्रछात्राहरु बाट लिईदै आएको सबै किसिमको शुल्क आगामी आ.व. २०७९/८० देखि पुर्ण रुपमा निशुल्क गर्ने र गराउने निर्णय गरियो ।

४ यस तुर्माखाँद गाउँपालिका भित्र संचालनमा रहेका सबै सामुदायिक बिद्यालयहरुमा कार्यरत निजि स्रोतका शिक्षकहरुको तलब भता आगामी आ.व. २०७९/८० बाट लागु हुने गरि ब्यबस्थापन गर्ने निर्णय गरीयो ।

५ यस तुर्माखाँद गाउँपालिकामा, नेपाल विद्युत प्राधिकरण तथा स्थानीय उपभोक्ताहरुको त्रिपक्षिय आर्थिक तथा प्राविधिक सहयोगमा ८ वटै वडाहरुको ग्रामिण स्तरसम्म ५ वर्ष भित्र विद्युत लाइन बिस्तार गर्ने निर्णय गरियो ।

२०७९।०२।१९
कृष्ण सोडारी
सूचना अधिकारी

Phone Number: 9848690588 (अध्यक्ष), 9848604332(कार्यालय प्रमुख), 9843772722(सूचना प्रबिधी अधिकृत)
Email: ito.turmakhadmun@gmail.com/**info@turmakhadmun.gov.np**
"शिक्षा, कृषि र जलाधारः समृद्ध तुर्माखाँदको मूल आधार"

# तुर्माखाँद गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल ।

प.सं.:०७८/०७९

च.नं.:

मिति : २०७९।०२।१९

६ वडा नं १ अन्तर्गत सञ्चालनमा रहेको श्री बिन्द्रासैनी माध्यमिक विद्यालयलाई माध्यमिक तहको कक्षा ११ र १२ सञ्चालनका लागि तोकिय बमोजिम अनुमति दिने र जनशक्ति व्यवस्थापनका लागि तुर्माखाँद गाउँ कार्यपालिका, वडा कार्यालय तथा सहयोगी निकाय समेतको समन्वय तथा सहकार्यमा व्यवस्थापन गर्ने र तुर्माखाँद गाउँपालिका वडा नं ४ मा स्नातक तह अध्ययनमा सुन्श्चितता गर्न तुर्माखाँद बहुमुखी क्याम्पस स्थापना तथा संचालनका लागि आवश्यक पहल गर्ने निर्णय गरीयो।

७ यस तुर्माखाँद गाउँपालिका को सवै वडाहरुका नागरिकहरुलाई बहुलाहा कुकुर तथा जनावर ले टोकेमा रेविज विरुद्ध खोप सेवा प्रदान गर्न गाउँपालिकाले आवश्यक व्यवस्थापन गर्ने साथै उक्त कार्य स्वास्थ्य शाखाले सहजिकरण गर्न निर्देशन गर्ने निर्णय गरियो ।

८ अछाम को कमलबजार न.पा. बाट तुर्माखाँद गाउँपालिका आउने प्रवेश द्वार वडा नं ८ को पुनेपाटा थुम र तुर्माखाँद गा.पा. वडा नं ४ को जंगलघाट मा पक्की प्रवेश द्वार निर्माण तथा अन्तर स्थानीय तह तथा जिल्ला सिमा प्रवेश द्वारमा गाउँपालिकाको नाममा होडिङ्ग बोर्ड राख्ने निर्णय गरियो ।

९ यस तुर्माखाँद गाउँ कार्यापालिका को मासिक बैठक प्रत्येक महिनाको ७ गते बिहान ८ बजे नियमित बस्नुका साथै आवश्यकता अनुसार पुर्व सूचना गरेर बैठक बस्ने निर्णय गरियो ।

२०७९।०२।१९

कृष्ण सोडारी
सूचना अधिकारी

Phone Number: 9848690588 (अध्यक्ष), 9848604332(कार्यालय प्रमुख), 9843772722(सूचना प्रबिधी अधिकृत)
Email: ito.turmakhadmun@gmail.com/**info@turmakhadmun.gov.np**
"शिक्षा, कृषि र जलाधारः समृद्ध तुर्माखाँदको मूल आधार"